प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## प्रदेश नं. १, विराटनगर,नेपाल

### शिक्षा, युवा तथा खेलकुद महाशाखा

पत्र संख्याः ०७९/०८०
चलानी नं: ६२०

मितिः २०७८।०९।२१

सुचना ! सुचना !! सुचना !!!

स्वदेश तथा विदेश स्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि ब्रिज कोर्स, भाषा शिक्षण र सो वापत विद्यार्थीसँग लिने शुल्क तथा ती संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा तथा सुविधा समेतलाई व्यवस्थित र सरलीकृत गरी अनुमति-पत्र सम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नुका साथै उक्त कार्यमा संलग्न विभिन्न निकायहरुको भूमिका स्पष्ट गर्न आवश्यक भएकोले प्रदेश सरकारले मिति २०७९।०९।०५ गते जारी गरेको **ब्रिज कोर्स, भाषा शिक्षण र कक्षा संचालन सम्बन्धि निर्देशिका २०७९,** बमोजिम देहाय अनुसारको व्यवस्था भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) **ब्रिज कोर्स, भाषा शिक्षण निर्देशिका** २०७९, प्रदेश सरकार, प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.p1.gov.np मा प्रकाशन गरिएको छ ।

२) निर्देशिकाको परिच्छेद ३ दफा ४ को उपदफा १ बमोजिम अनुमतिका लागि दफा ४ को उपदफा २ मा तोकिएको निवेदन दस्तुर बैंक मार्फत राजस्व खातामा जम्मा गरि सोको भौचर अनुसूची १ बमोजिमको ढाँचामा सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

३) यो निर्देशिका जारी हुनुपुर्व अनुमति प्राप्त गरी सञ्चालनमा रहेका ब्रिज कोर्ष र भाषा शिक्षण कक्षा सञ्चालन गरि रहेका सस्थाहरुले यो निर्देशिका जारी भएका मितिले ३ महिना २०७९ चैत्र ४ गते भित्रमा सेवा सञ्चालन गर्न अनुमति लिनुपर्नेछ ।

**संस्था सञ्चालनका लागि अनुमति प्राप्त गर्न निवेदनका साथ बुझाउनु पर्ने आवश्यक कागजातहरु**

(क) कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(ख) सञ्चालकहरुको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणित प्रतिलिपि,

## प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## प्रदेश नं. १, विराटनगर,नेपाल

### शिक्षा, युवा तथा खेलकुद महाशाखा

(घ) संस्थाको आफ्नै घर जग्गा भए सो को प्रमाण पुर्जा वा भाडामा रहेको भए कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि

(ङ) संस्थाको नाममा खाता सञ्चालनमा रहेको बैंकले खाता नम्बर समेत खुलाई गरेको सिफारिस पत्र,

(च) प्रदान गर्ने सुविधा, कार्यप्रक्रिया समेत खुलाइएको विवरण,

(छ) ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरुको योग्यता खुलेको प्रमाण-पत्र र तालिमको प्रमाणित प्रतिलिपि सहितको विवरण

(ज) रा वा बैंक मार्फत राजस्व खाता नम्बर <u>१०००१००२०१०१०००१</u> मा रु ५०००।जम्मा गरेको सक्कल भौचर ।

२०७५।०५।२७

फणिन्द्र खत्री

उप सचिव